*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७,९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६२
नेपाल सम्बत् ११३९
इस्वी सम्बत् २०१८
बिक्रम सम्बत् २०७५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly

**22nd DEC 2018**

| वर्ष- ३६ | अङ्क- ९ | योमरी पुन्हि | पौष २०७५ |
|---|---|---|---|





फलामबाट निस्किने मल (खिया) ले उक्त फलामलाई नै नष्ट गर्दै लाने गर्छ। यसरी नै केवल खानपिन कार्यमा मात्र वेहोशी हुँदै चञ्चल भएर जीवन बिताउने ब्यक्तिलाई आफ्नो नराम्रो कर्मको फलले आफैलाई दुर्गतीमा पतन गराउँदछ।

बारबार अध्ययन नगर्नु विद्या आर्जन क्षेत्रमा असफल हुनुको कारण हो। घर मर्मत नगर्नु घर बिग्रिनुको कारण हो। वर्ण सहितको व्यक्ति दुर्वर्ण हुनुको कारण आलस्य हो। पाले पहरा बस्ने पहरेदारको असफलताको कारण बेहोशी भई भुलेर बस्नु हो।

सुनारले क्रमैसंग चाँदीको कसर नास गर्दै गए जस्तै– मेघावी पण्डितजनले क्रमैसंग अलि अलि गर्दै समय समयमा आफ्नो चित्त–मल नाश गर्दै लानु पर्दछ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# लुम्बिनी विश्वविद्यालयको १४ औं जन्मोत्सव कार्यक्रममा प्रस्तुत गरिएका जोश र जाँगर

लुम्बिनी विकास कोषको पहलमा बि.सं. २०५५ साल मंसिर (१४-१६) सम्म सञ्चालित विश्व बौद्ध सम्मेलनमा लुम्बिनी घोषणा दफा ७ अन्तरगत लुम्बिनी बौद्ध विश्वविद्यालय स्थापना गर्ने भनी गरिएको निर्णयलाई बि.सं. २०६१ मंसिरमा अध्यादेश जारी गरी विश्वविद्यालय स्थापना गरियो। यही फलस्वरुप २०७५ मंसिर २२ का दिन लुम्बिनी विश्वविद्यालयले आफ्नो १४ औं जन्मोत्सव मनाउन पायो।

सम्माननिय राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख अतिथित्वमा सञ्चालित यस कार्यक्रममा लुम्बिनीमा निर्मित यस विश्वविद्यालयको नवनिर्मित भवनहरू प्रमुख अतिथिज्यूले डिजिटल प्रणालीद्वारा उद्घाटन गर्नुभएको थियो।

उक्त कार्यक्रममा सम्बन्धित निकायका महानुभावहरूले मन्तव्य व्यक्त गर्ने क्रममा लुम्बिनी र लुम्बिनी विश्वविद्यालयको प्रगति एवं उन्नति खातिर प्रस्तुत गर्नुभएका सारगर्भित प्रस्तुतीहरूलाई धर्मकीर्तिले सराहनाकासाथ संक्षिप्त रूपले यहाँ प्रस्तुत गरिएका छन्–

- विहारहरूमा प्रचलित बौद्ध परियत्ति शिक्षा र हिमाली गुम्बा भेगका बौद्ध शिक्षालाई विज्ञान प्रविधि मन्त्रालयसँग समन्वय गरी राज्यले अवलम्वन गरिएको शिक्षाको मूल प्रवाहमा ल्याउन पहल गर्ने।

- थेरवाद बज्रयान एवं महायानको ऐतिहासिक एवं पुरातात्विक, साँस्कृतिक र प्राविधिक पक्षहरूको अध्ययन, सोध र खोजपूर्ण कार्यलाई अगाडि बढाई लुम्बिनी विश्वविद्यालयलाई बौद्धिक, प्राज्ञिक र शैक्षिक अन्तरक्रियाको ख्याति प्राप्त संस्थाको रूपमा विकास गर्ने।

- लुम्बिनी विश्वविद्यालयले शैक्षिक कार्यक्रम मार्फत सञ्चालन गरिने शिक्षालाई शीपसँग, शीपलाई श्रमसँग, श्रमलाई समृद्धिसँग जोडी समृद्ध नेपाल बनाउने अभियानमा शिक्षा मार्फत सहयोग गर्दै बौद्ध दर्शन, आधुनिक बौद्ध साहित्य र उच्च बौद्ध धर्म दर्शन एवं सँस्कृतिका नयाँ कार्यक्रमहरू सञ्चालन गर्ने कार्यलाई योजनावद्ध रूपमा अगाडि बढाइने।

- अनुसन्धानात्मक जर्नलहरू प्रकाशन गरिने।

- विदेशी विश्वविद्यालयहरूसँग सम्वन्ध विस्तार गरिने।

- खोजमूलक, अध्यन अनुसन्धान गर्दै यसलाई प्राज्ञिक रूपमा सशक्त बनाई उच्च शिक्षाको उत्कृष्ठ केन्द्रको पहिचान बनाउने।

- लुम्बिनी विकास कोष र ल लुम्बिनी विश्वविद्यालय एक आपसका परिपूरक हुन आवश्यक। सोही कारणले लुम्बिनी विकास कोषको ५ प्रतिशत आम्दानी निरन्तर रूपले लुम्बिनी विश्वविद्यालयलाई प्रदान गरिने।

- संसारलाई ज्ञान र शान्तिको शिक्षा प्रदान गर्ने ज्ञानभूमी, शान्तिभूमी "लुम्बिनी" देशभरका पर्यटकहरू आउने स्थानहरू मध्ये नम्बर १ मा परेको छ। जहाँ प्रत्येक महिना पहिलाको तुलनामा २८ प्रतिशतका दरले पर्यटकहरूको भ्रमणमा वृद्धि भइरहेको छ। यस्तो पवित्र स्थान लुम्बिनीमा बुद्धिज्मका साथै टुरीजम र इन्जिनियरिङ्ग विषय पढ्ने व्यवस्था पनि मिलाउने कार्यमा लुम्बिनी विश्वविद्यालयले आवश्यक पहल गर्नुपर्ने।

- केन्जो टांगेले बनाएको गुरु योजनामा आधारित भई बाँकी रहेका ३० प्रतिशत काम पूरा हुने गरी कन्सल्टेण्ट हायर गर्ने प्रकृयामा गइसकेको। केन्जो टांगेले बनाएका सम्पूर्ण मास्टर प्लान अनुसारको



Downloaded from http://www.dhamma.digital

काम साँढे दुई वा तीन वर्ष भित्र पूरा गरिने छ। यसको लागि ६ अर्बको आसपासमा लागत रहनेछ। Global Tender मा गएर गुरुयोजनामा उल्लेखित सबै कार्यहरू पूरा गरिने ।

- ५००० मानिसहरू अटिने सभा भवन बनाइने । यसको लागि अर्को वर्षको बैशाख पूर्णिमाको दिन शिलान्यास गरी बि.सं. २०७७ सालको बैशाख पूर्णिमाको दिन उद्घाटन हुने ।

- टुरीज्मका विद्यार्थी संख्या हाल थोरै मात्रामा रहेको। पर्यटनको विविध विषयको लागि कक्षा थप्नुपर्ने । यस क्षेत्रमा सरकारले सहयोग गरिने । सन् २०२० का लागि यस क्षेत्रमा १०,००० जनशक्ति चाहिने ।

- वर्षमा करीब १८ लाख पर्यटकहरू लुम्बिनीमा आउने गर्छन्। तर उनीहरू लुम्बिनीमा बस्ने अवस्था नभएको कारणले देशलाई प्राप्त हुने आम्दानी कम भइरहेको छ। त्यसैले तिलौराकोट, रामग्राम, देवदह मात्र होइन यसलाई मुक्तिनाथ र दमकसम्म पुऱ्याएर प्रभावकारी बुद्धिष्ट सर्किट तयार गरी त्यसको माध्यमलाई अन्तर्राष्ट्रिय जगतमा समेत पुऱ्याएर बलियो बुद्धिष्ट सर्किट तयार पार्न सकियो भने यहाँ यात्रीहरूको बसाई लम्बिनेछ। फलस्वरुप टुरिज्म Promotion हुने र बुद्ध शिक्षा प्रचार कार्य प्रभावशाली हुनेछ।

- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल अबको नौ महिना पछि सञ्चालनमा आउने। सन् २०१९ August, September मा यसलाई सञ्चालनमा ल्याइने। सँगसँगै भैरहवाबाट लुम्बिनीमा आउने सडकलाई त्यही अवधि भित्र सम्पन्न गर्ने गरी व्यवस्था गरिने।

- धेरै देशहरूसँग हवाई सम्झौता (Air Service Agreement) गरिसकेको। सबै देशहरूले लुम्बिनी जाने अनुमति मागेको। यस विषयमा अनुमित दिइसकेको आदि आदि।

- विश्वमा भगवान् बुद्धले प्रतिपादन गर्नुभएको शान्तिको ज्ञानलाई प्राज्ञिक व्यवस्थापन गर्ने कार्यमा ढीलाई भएको कारणले बौद्ध धर्मदर्शन अध्ययन गर्ने नेपालीहरू थाइलैण्ड, बर्मा, लङ्का आदि विभिन्न बौद्ध देशहरूमा बाहिरिनु परिरहेको थियो।

तर हाल लुम्बिनी विश्वविद्यालय, लुम्बिनी विकास कोष, पर्यटन सँस्कृती तथा नागरिक उड्डयन मन्त्रालय आदि विविध निकायका सम्वन्धित महानुभावबाट लुम्बिनी विकासका लागि आ-आफ्नो क्षेत्रबाट प्रस्तुत गरिएका सल्लाह र प्रणहरूले धेरै सकारात्मक हौसलाहरू प्रदान गरेका छन्। यदि यी प्रणहरू कार्यान्वयनमा उत्रिने हो भने नेपाललाई बौद्धिक प्राज्ञिक र आर्थिक लाभहुने स्वतःसिद्ध हुनेछ। यसले लुम्बिनीको भविष्य राम्रो हुने निश्चित छ।

अनि लुम्बिनीको बेहाल देखेर चित्त दुःखाउनुभएका संयुक्त राष्ट्र संघका तत्कालिन महासचिव दिवंगत उ थान्तज्यूले लुम्बिनीको विकासको लागि गर्नुभएको प्रयासले सकारात्मक भूमिका निभाउन सफल हुनेछ।

## बनेपा ध्यानकुटी विहार तथा मेत्ता सेन्टर (मैत्री केन्द्र) को लागि सहयोग

१) Lakmini / Tim Kidder, USA Rs. 15,000/–
२) तेज रत्न शाक्य, मोती माया शाक्य प्रमिला शाक्य परिवार, पुलचोक रु. ५,५००/-
१) पूर्णहीरा तुलाधर, कमलादीबाट (दि. बुबा कुलमान बनिया र आमा लक्ष्मीहेरा बनियाको पूण्य स्मृतिमा) रु. २५००/–
३) रमेश काजी श्रेष्ठ, बनेपा, स्व. बुबा सानु काजी श्रेष्ठको पुण्यस्मृतिमा १५००/-
४) प्रेमज्योती शाक्य, बनेपा रु. ५००/-
५) राकेश शाक्य, बनेपा रु. ५००/-



Downloaded from http://www.dhamma.digital

# अग्रश्रावक राहुल (शिक्षाकामीमा अग्र)

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

अग्रश्रावक राहुल र अग्रश्रावक रट्ठपाल दुई जना अति मिल्ने साथी थिए। यी दुई मित्रले अनेकौं जन्मदेखि साथ-साथमा जीवन बिताएका थिए। भगवान बुद्धको शासन कालमा राहुलको जन्म शाक्य जनपदको राजधानी कपिलवस्तुमा भएको थियो भने रट्ठपालको जन्म कुरू जनपदको थुल्लकोट्ठिक नगरमा भएको थियो। राहुल सिद्धार्थ गौतमका पुत्र भएर जन्मेका थिए। सिद्धार्थ गौतम आफ्नो कोठामा आराम गरेर बसिरहँदा सेवकले आएर छोरो जन्मेको खबर सुनाए। खबर सुन्ने बित्तिकै सिद्धार्थको शरीर स्नेहले काँप्न थाल्यो। भाव विभोर हुँदै उनले सोचे कि "छोरो जन्मेको खबर सुनेर त यति आसक्ति जाग्छ, उ प्रति माया जाग्छ भने भविष्यमा त यी गुन्दै-गुन्दै जानेछ।" तब सिद्धार्थले बोले– "यो राहु हो, यो बन्धन उत्पन्न भयो।" सेवकले यो कुरा राजा शुद्धोदनलाई सुनाए तब उनले आफ्नो नातिको नाम "राहुल" राखे।

सिद्धार्थ गौतमले त्यही रात घर त्याग्ने मनसाय बनाएका थिए। घर त्याग्नुभन्दा पहिला आफ्नो छोरोको मुहार हेर्न कोठासम्म पुगेका थिए, त्यस समय रानी यशोधरा सुतिरहेकी थिइन। तब रानीलाई पनि उठाइनन् र छोरोको मुहार पनि नहेरिकन नै राजपाट सबै त्यागेर सन्यास लिए। राजा शुद्धोदन आफ्नो छोरोले गृहत्याग गरेको दिन देखि नै दिनहुँ सोच्दथे कि मेरो छोरो कस्तो अवस्थामा होला ? जुन उद्देश्य लिएर गृहत्याग गरेको थियो त्यो पुरा भयो कि भएन ? आदि।

सिद्धार्थ गौतमले सम्बोधि प्राप्त गर्नु भएपछि धर्मचक्रप्रवर्तन गर्नु भयो, यी सबै जानकारी राजा शुद्धोदनलाई प्राप्त थियो। जब भगवान सिद्धार्थ रागगृहमा आईपुगे तब शुद्धोदनले आफ्नो एकजना मन्त्रीलाई बोलाएर भने कि "म अब बूढो भएँ, म जिउँदो छँदा नै एकपल्ट छोरोलाई हेर्न चाहन्छु, तिमी राजगीरमा गएर भगवानलाई सन्देश दिनु।" मन्त्रीले राजाको आज्ञा स्वीकार गरेर आफ्नो साथमा एक हजार जनाको फौज लिएर भगवानलाई भेट्न गए। त्यहाँ भगवानको धर्मकथा सुनेर प्रव्रज्या ग्रहण गरेर त्यहीं रहन थाले। राजाले यसै प्रकार आठ पटकसम्म आफ्ना मन्त्रीहरूलाई पठाए तब आठै जनाले एक-एक हजारको फौज लिएर गए तर कोही पनि त्यहाँबाट फर्केनन्। प्रव्रज्या लिएर त्यहीं बसे। राजाले केही खबर पाएनन्। उनीहरू किन नफर्केको त्यो पनि थाहा पाएनन्।

कपिलवस्तुमा कालुदायी नाम गरेको एकजना मन्त्री थिए। उनको जन्म पनि भगवान जन्म भएकै दिनमा भएको थियो।

महाराज शुद्धोदनले आफ्नो छोरोको हाल सोध्न कालुदायीलाई पठाउने निर्णय गरे र महाराजले साथमा आफ्नो विचार पनि राख्दै भने कि यदि त्यहाँ पुगेर तिमी पनि प्रव्रजित भइहाल्यौ भने पनि म सित सिद्धार्थलाई एक पटक अवश्य भेट्टाउनु। कालुदायी पनि हजार जना साथी भाई लिएर भगवानलाई भेट्न गए, भगवान सामू प्रव्रजित पनि भए। तर उनलाई महाराजको वचन याद थियो, राजा शुद्धोदनको इच्छालाई भगवान सामू व्यक्त गरे। भगवानले पनि कपिलवस्तु जाने निर्णय गर्नुभयो। भगवान संगै दशहजार कपिलवस्तु निवासी भिक्षुहरू र मगध निवासी दशहजार भिक्षुहरूले यात्रा प्रारम्भ गरे। राजगृहदेखि कपिलवस्तु सम्मको यात्रा साट्ठी योजनको थियो। दिनहुँ हिँडेर एक योजन जानुहुन्थ्यो, यसरी साट्ठी दिन लगाएर बीसहजार भिक्षुसंघ सहीत भगवान कपिलवस्तु पुग्नु भयो। भिक्षु कालुदायी हरेक दिन महाराज शुद्धोदन कहाँ भोजन गरेर भगवानको लागि भिक्षापात्रमा भोजन लिएर जानुहुन्थ्यो। भगवान राजाले पठाएको भोजन ग्रहण गर्नुहुन्थ्यो। भिक्षु कालुदायी भगवान कहाँ रहनु भयो आदि सूचना दिँदै रहन्थे। र दरवारमा बुद्ध, धर्म र संघ प्रति श्रद्धा बढाउने धर्म कथा भन्नु हुन्थ्यो। यसै कारण भगवानले भिक्षु कालुदायीलाई परिवार जनलाई प्रसन्न राख्ने महाश्रावकहरू मध्येमा अग्रको उपाधि दिनुभएको थियो।

कपिलवस्तु पुगेपछि राजा तथा परिवार द्वारा भगवानको स्वागत सत्कार गरियो। तर भोली पल्टको भोजनको लागि निमन्त्रण भने कसैले दिएनन्। भोली पल्ट बिहान भगवान बीस हजार भिक्षु संघ सहित भिक्षाटनको लागि नगरमा पाल्नु भयो। पहिलाका बुद्धहरूको परम्परालाई अनुशरण गर्दै शुरूदेखि एउटा-एउटा घरमा भिक्षा माग्दै अगाडि बढ्नु भयो।



Downloaded from http://www.dhamma.digital

राजदरवारको बरण्डामा छोरो राहुलको साथमा राहुलमाता यशोधरा उभिरहेकी थिईन । उनले आफ्नो छोरोलाई बुबाको परिचय दिंदै भनिरहेकी थिइन् ।

हेर छोरा ! यी सबैभन्दा अघि रहेका सिंह समान तिम्रा बुबा हुन् ।

हेर ! उनको नाक कति लामो र सुडोल छ ।

यिनको आँखा सुन्दर र नीलो रंगको छ, आँखाको आकार बाछोको झैं छ ।

यिनको आँखी भौं कालो रंगको छ , इन्द्र धनुषको आकारको छ ।

यिनको थुतुनो सिंहको समान छ ।

यिनको शरीरको वर्ण सुन झैं छ ।

यिनको केशको रंग सुरमा झैं कालो छ ।

यिनको निधार फराकिलो छ ।

आँखी भौं विचको रौं हल्का पहेंलो रंगको छ ।

मुखको वर्ण आकाशमा चम्केको पूर्णिमा झैं छ ।

मनुष्य रूपी यी मुनुष्य र देवताहरूका प्रिय छन् ।

यिनी अग्र क्षेत्र कूलमा जन्मेका हुन् ।

सबै देव मनुष्य यिनलाई वन्दना गर्दछन् ।

यिनको चित्त शील-समाधिमा प्रतिष्ठित छन् ।

जसरी आकाशमा ताराहरू बिच चन्द्रमा परिक्रमा गरिरहन्छ त्यसरी नै यिनी आफ्ना श्रावक श्रमणहरू द्वारा घेरिएर रहेका हुन्छन् । यिनी मनुष्यहरू मध्ये वीर हुन्, लोकहितका लागि यिनले गृहत्याग गरेका हुन् । तिम्रो बुबा यी नै हुन् जो मनुष्यहरू मध्ये सिंह समान छन् ।

यस्तो प्रसन्न चित्तले यशोधराले आफ्ना पतिको परिचय छोरो राहुललाई दिए अनुसार उनको मनमा आफ्नो पति प्रति अलिकति पनि द्वेष थिएन । यस्को ठाउँमा उनको मनमा श्रद्धा थियो, गर्व थियो जुन उद्देश्यको लागि गृहत्याग गरेका हुन त्यस उद्देश्य हासिल गर्न सफल भएकोमा गर्व थियो आफ्नो छोरो पनि यसै भावले अघि बढुन् । त्यसैले यस्तै भाव जागुन् भन्ने उद्दश्यले यस्तो गरिमामय परिचय गराए ।

ममतामयी यशोधराले छोरो राहुललाई उनको बुबाको परिचय दिलाए पछि भनिन् "जाऊ, छोरा आफ्नो बुबा श्री सामू गएर आफ्नो भाग माग्नु । उहाँ संग सुनले भरेका चारवटा घैंटाहरू छन् ।"

यहाँ यी चार घैटां भन्नुको अर्थ चार आर्यसत्यलाई भनिएको हो । यि आर्यसत्य सुनभन्दा पनि मूल्यवान छन्, अनमोल छन् । त्यसैले भनिएको छ –

यं किञ्चि वित्तं इध वा हुरं वा,<br>
सग्गेसु वा यं रतनं पणीतं ।<br>
न नो समं अत्थि तथागते नं,<br>
इदम्पि बुद्धे रतनं पणीतं ॥ - रतनसुतं

– जति पनि धन सम्पत्ति यस लोकमा छन् अथवा अन्य लोकमा छन् अथवा स्वर्ग लोकमा छन्, ती मध्ये कुनै लोकको सम्पत्ति पनि तथागतसंग भएको सम्पत्तिसंग तुलना गर्न योग्य छैन । बुद्धसंग जुन रत्न छन् ती अतुलनीय छन्, अनमोल छन् ।

बुद्धसंग यी चार आर्यसत्यका अनमोल रत्न छन्- जुन उहाँले स्वयं आर्जनगरेका हुन । उहाँले त्यसैलाई बाँडिनुभयो । त्यसमा तिम्रो नि अधिकार छ, जाऊ गएर माग ।

यशोधरा मनै मन सोच्छिन् कि, "म पनि यस अनमोल रत्नको हकदार हुँ, म पनि यी प्राप्त गर्न चाहन्छु । तर केही कारण वश तथागतले अहिले भिक्षुणी संघ स्थापना गर्नु भएन । जब गर्नुहुन्छ तब म पनि प्रव्रजित भएर उनको धर्मको अनुसरण गरेर आफ्नो उद्धार गर्नेछु र उहाँको लोकहित गर्ने कार्यमा सघाउनेछु । मेरो छोरोले यस राजदरवारको सुख-सयलमा हुर्केर के प्राप्त गर्ला ? आफ्नो बुबाको कल्याणी छत्रछायामा हुर्के भने यस अनमोल रत्न प्राप्त गर्नेछ । आफ्नो जीवन सफल बनाउनेछ ।" यस्तो सोच्दै-सोच्दै उनले आफ्नो छोरोलाई बिदा गर्दै भनिन् कि- "जाऊ, छोरा ! आफ्नो बुबासंग आफ्नो भाग माग्नु ।"

राहुल रमाउँदै आफ्नो बुबाको छेउ पुगे । छेउमा पुग्ने बित्तिकै यस्तो सुख-शान्ति र शीतलता अनुभव गरे कि अनायास् उनको मुखबाट शब्दहरू निस्के "श्रमण तिम्रो छाया सुखद छ ।"

भगवानको छत्रछाया कसलाई सुखद् नलाग्ला ? उनको सामू रहँदा सारा पाप-ताप पखालिन्छ । छोरोले बुबाको नजिक रहेर सुखद शान्ति छत्रछाया प्राप्त गरे । बुबाले आफ्नो छोरोलाई धर्मरत्नको अनमोल सम्पत्ति प्रदान गर्नुभयो, सारिपुत्तलाई जिम्मा लगाउँदै प्रव्रज्या दिलाउनु भयो ।

*( साभार- 'विपश्यना' २०७५ आश्विन )*



Downloaded from http://www.dhamma.digital

# बुद्ध शासन अन्तर्धान हुने लक्षणहरूलाई चिनौं

लेखक- **भिक्षु अश्वघोष**
अनुवाद- **वीर्यवती**

संसारको नियम नै अनित्य हो । त्यसैले भगवान बुद्धले अनुसन्धान गरी पत्ता लगाउनु भएको प्राकृतिक ज्ञान पनि कालान्तर पछि क्रमशः लोप हुँदै जानु स्वाभाविक नै हो । बुद्ध शिक्षा लोपहुँदै जानु भनेको बुद्ध शासन लोप भएको चिन्ह हो । जुन समयमा ५ वटा चिन्हहरू लोप हुनेछ तब बुद्धशासन लोप भयो भनिन्छ ।

बुद्ध शासनमा परियत्ति, पतिपत्ति र पतिवेध भनी प्रमुख रूपले धर्म त्रिविध रहेको छ ।
शासन अन्तर्धान ५ प्रकारले देखाइएका छन् ।
ती यसरी छन्–

(१) **अधिगम अन्तर्धान–**

भगवान् बुद्धले बताउनु भएका उत्तम ज्ञान सहित अर्हत फल(चार मार्ग र फल) प्राप्त गर्ने कार्यलाई अधिगम भनिन्छ। ती चार मार्ग यसरी छन्- स्रोतापन्न, सकदागामी, अनागामी र अर्हत । मार्गमा लागेर यस ज्ञान प्राप्त हुने बित्तिकै फल प्राप्त भइहाल्छ । तर मानिसहरूको मनमा स्वार्थ क्लेष र दुषित भावनाले जरो गाड्न थालेपछि माथि उल्लेखित पवित्र मार्गमा लाग्ने बानी हराएर जान्छ। बुद्धले सिकाउनु भएको शिक्षालाई पालन गर्ने कार्यमा मन फितलो हुँदै गएपछि ज्ञानलाभ गर्ने शक्ति पनि क्रमशः हराउँदै जानेछ । यसलाई अधिगम अन्तर्धान भनिन्छ ।

(२) **पतिपत्ति अर्न्तर्धान–**

बुद्ध-शिक्षालाई आफ्नो व्यवहारमा प्रयोग गर्ने कार्यलाई पतिपत्ति भनिन्छ । आफ्नो आचरण सुधार्दै विपश्यना ध्यान गर्न असमर्थ भएका भिक्षुहरूले शील पालन गर्ने कार्यमा मात्र आफूलाई सीमित राख्नेछन् । शील पालन गर्दागर्दै पनि विनय नियम ठीक तरिकाले पालन गर्न नसकी पाराजिका ४ वटा मात्र पालन गर्ने हुन्छन् । पछि विस्तारै विनय नियम नाम मात्रको हुनेछ । त्यसैले होला वर्माबाट पाल्नु भएका महासी महास्थविर समक्ष भिक्षु अमृतानन्दले भिक्षुहरूको विनय नियम सम्बन्धी प्रश्न राख्नु हुँदा उहाँले यसरी उत्तर दिनुभएको थियो– “आवुसो ! आजभोलीको वातावरण अनुसार पाराजिका चारवटा मात्र पालन गर्न सक्ने भिक्षुहरू रहे पनि पुग्छ ।”

उहाँको यस उत्तरले भनिरहेको छ-“आज भोली पाराजिका चारवटा मात्र पालन गर्ने भिक्षुहरू पनि कम हुँदै गएको देखिन्छ”

यसबाट प्रष्टिन्छ - आजभोली प्रतिपत्ति धेरै नै कमजोर भइसकेको छ ।

(३) **परियत्ति अन्तर्धान-**

अर्थकथा सहित त्रिपिटक बुद्ध वचनलाई परियत्ति शिक्षा भनिन्छ । समय वित्दै गएपछि जब परियत्ति शिक्षा अध्ययन गर्ने बानी हराउँदै जान्छ, तब परियत्ति अन्तर्धान हुन थाल्छ । सबभन्दा पहिला त अभिधर्म लोप हुनेछ । किनभने अभिधर्म शिक्षा शुक्ष्म मन सम्वन्धि शिक्षा भएको कारणले यसलाई बुझ्न त्यति सजिलो छैन । आजभोली सम्म पनि बर्मा देशमा अभिधर्म शिक्षा राम्ररी सुरक्षित रहेको देखिन्छ । तर श्रीलंका र थाइलैण्डमा भने सूत्र पिटकलाई मात्र बढि प्राथमिकता दिएको देखिन्छ । अर्को शब्दमा भन्ने हो भने भगवान बुद्धले सिकाउनु भएको मुख्य शिक्षा अध्ययन गर्ने बानी हराउँदै गएको छ ।

(४) **लिङ्गअन्तर्धान–**

यहाँ लिङ्ग शब्दले चीवर धारी भिक्षुहरूलाई संकेत गरेको छ । लिङ्ग अन्तर्धान भनेको कालान्तरमा पहेँलो वस्त्र लगाएका भिक्षुहरू दुर्लभ हुँदै जानेछ । शरीरमा चीवर नाम मात्रको रहनेछ। पहेँलो कपडाको एक टुक्रा काँधमा चिन्हको रूपमा राखेर पनि चीवरको चिन्ह देखाइरहने भिक्षुहरू पनि हुनेछन् । कपाल लामो पालेर बस्ने बानी हुन जान्छ। नियमानुसार त दुई महिना सम्म मात्र कपाल नखौरी बस्न मिल्छ । आज भोली कपाल लामो पारी राख्ने भिक्षुहरू पनि देखिन थालेको छ ।

यसरी विस्तारै भिक्षुभाव लोप हुँदै जानेछ। यसलाई लिङ्ग अन्तर्धान भनिन्छ ।

सबभन्दा पछि भगवान् बुद्धको अस्थि धातु लोप हुनेछ। यो घटना पछि सम्पूर्ण रूपले बुद्धशासन नै लोप हुनेछ ।

*( क्रमशः १४ पेजमा )*



Downloaded from http://www.dhamma.digital

# एउटा रूख अमिलो हुँदैमा वनै अमिलो हुँदैन

**– धम्मवती**

धेरैजसो मान्छेहरूको एकजना खराब हुँदैमा सबैलाई नै खराब ठान्ने चलन छ। खराब असल छुटयाउन सक्नेहरू साह्रै कम। कोहि चाहिं एक जना असल हुन्दैमा सबैलाई असल ठान्दछन्। साँच्चै भनौं भने यसरी बुद्धि नै नपुऱ्याईकन काम गर्नु वा विश्वास गर्नु नै मुर्खता हो। विवेक विचार नहुने मानिसहरूले आफ्नो जीवनमा बरोवर घोका खाइरहेका छन्। त्यसैले सँधै विचार पुऱ्याई काम गर्नु पर्दछ। यो कुरा बुझाउनको लागि म एउटा कथा सुनाउँछु जुन कि हामीले सँधै सम्झि राख्न योग्य छ।

पहिले पहिलेको कुरो हो। वाराणसी देशमा ब्रह्मत्त राजाले राज्य चलाइराखेको थियो। थुप्रै प्रकारका पीरहरूले गरेर राजाको मनमा सन्ताप भइरहेको थियो। यसरी पीर र चिन्ताले दिक्क भएर राजा झ्यालमा बसी राखेको बेला एकजना क्लेशबाट मुक्त भैसकेको प्रत्येक बुद्ध हिमालयबाट नुनिलो, अमिलो, पीरो स्वाद लिनको लागि राज दरबारको मुनि भिक्षाटन आईराख्नु भएको थियो। दिक्क भएर झ्याल मा बसिराखेको राजाले उक्त क्लेशरहित प्रत्येक बुद्धको दर्शन गर्नासाथै राजाको मन हलुंगो भयो र पीर हटेर जीउ नै शीतल भयो।

जसरी घामले वा आगोले पोलेको मान्छेले सफा निर्मल पानी भएको पोखरी देख्दा खेरी आनन्द हुने हो ; त्यस्तै ल्केशले गर्दा पीर भैरहेको राजालाई क्लेश रहित उक्त प्रत्येक बुद्धलाई देख्नासाथ मन शीतल र आनन्द भयो। त्यसैले राजाको मनमा उक्त प्रत्येक बुद्ध उपर श्रद्धा उत्पन्न भयो यति हुनासाथ राजाले एकजना नोकरलाई पठाएर प्रत्येक बुद्धलाई निमन्त्रणा गर्न पठाए। निमन्त्रणा स्वीकार गरेर उहाँ राजाको दरबारमा पाल्नुभयो।

अनि राजाले आफूलाई भनेर ल्याइराखेको भोजन प्रत्येक बुद्धलाई दान दियो। प्रत्येक बुद्धले भोजन लिएर राजदरबारबाट बाहिर निस्कनुभयो र एउटा पाटिमा बसेर भोजन गर्नुभयो।

त्यस पाटिमा लोग्ने स्वास्नी दुईजना माग्नेहरू पनि बसेका रहेछन्। प्रत्येक बुद्धले खाईराख्नुभएको भोजनको वास सुंघेर उनीहरूलाई पनि लोभ लाग्यो। उनीहरूको मुखमा ऱ्याल चुहियो। वसी नसक्नु भएर उनीहरू प्रत्येक बुद्ध कहाँ गएर "हामीलाई पनि त्यो भोजन अलिकति दिनुस न" भनी माग्न गए। उनीहरू उपर दया लागेर प्रत्येक बुद्धले केहि भोजन बाँकि राखिदियो। माग्नेहरूले त्यस्तो राजाको खाना खान पाउँदा कति मीठो छ भन्ने कुराको वयानै गर्न सकेन; खाना खाएपछि जीउ नै जाडोमा मकल ताप्न पाएको बेला जीऊ हलुका भए जस्तै हलुंगो भयो। ती माग्नेहरूले प्रत्येक बुद्धसँग सोधे–

"भन्ते, यो भोजन त साह्रै मीठो छ नि, कहाँबाठ पाउनु भएको ?"

प्रत्येक बुद्धले कुरा नलुकाई भन्नुभयो-" दरबारमा बोलाई राजा आफैले दान दिएर पठाएको।" यति भनेर प्रत्येक बुद्ध हिमालय मै फर्कनु भयो। उहाँ वर्षमा एक पटक मात्रै नुनिलो, अमिलो र पीरो स्वाद लिनको लागि हिमालयबाट तल देशमा झर्ने गर्थ्यो। अरू वेला सँधै हिमालयको गुफा मै बस्ने गर्थ्यो।

यता ती माग्ने दम्पत्तीहरूलाई राजाको भोजन मात्रै खाउँ खाउँ लागि रह्‌यो। के गरेमा एक पटक फेरि त्यस्तो राजाको भोजन खान पाउने हो भनी कल्पनामा डुबे। यसरी विचार गरे " राजाले आफ्नो भोजन सबैलाई दान दिने त पक्कै पनि होइन होला। उहि चिवरधारी श्रमण भिक्षुहरूलाई मात्र दिने त होला नि !"

"हामी माग्ने नै भएर राजा कहाँ गएर राजाको भोजन दान लिन सक्ने छैनौं। त्यसैले म चाहिं प्रत्येक बुद्धको जस्तै पहेंलो वस्त्र लगाई दरबारमा भिक्षा माग्न जान्छु।

तिमी यहिं बसिराख्नु" भनी स्वास्नी चाहिंलाई पाटी मै छाडेर लोग्ने चाहिं आफू एक्लै पहेंलो वस्त्र लगाएर सरासर दरबारमा गएर भिक्षा माग्न गयो। राजाले पहिलेकै प्रत्येक बुद्ध आउनु भयो होला भन्ठानेर पहिले झैं श्रद्धा भक्ति राखेर आफूले खान लागेको भोजन नै दान दिई पठाए।

अनि राजाको मनमा यस्तो पनि विचार आयो, "उहाँ कहाँ बस्नु हुने हो एकपल्ट थाहा पाउन पाए हुन्थ्यो।" यस्तो विचार गरेर आफ्नो छोरो युवराज र बोधिसत्व मन्त्री दुबैलाई बोलाएर भन्यो– "भो युवराज



Downloaded from http://www.dhamma.digital

र मन्त्री ! भर्खर भिक्षाटनमा आउनु भएको उहाँ को हुनुहुन्छ, कहाँ बस्नुहुन्छ, एक पटक हेरेर आउ" भनेर पठाए । उनीहरू त्यो भिक्षुको भेषले आएको माग्नेको पछि पछि थाहा नपाउने गरी लागे । जब पाटीमा पुग्यो त्यो माग्नेको स्वास्नी चाहिं दौडेर आइ लोग्नेको हातमा रहेको पात्र लिन आई । स्वास्नीलाई पात्र सुम्पेर आफू पाटीनिर पुग्नासाथ चीवर फुकालेर पाटीमा गई आफ्नो माग्ने लुगा लगाई लोग्ने स्वास्नी दुवैले राजाले दानमा दिएर ल्याएको भोजन खुब मज्जासँग खाए ।

अनि ती पिछा गरेर आइरहेका युवराज र मन्त्री दुवैले यो सबै देखेर आश्चर्य भई फर्केर आइ राखेको बेला परस्पर कुरा भयो– "अब हामीले राजालाई के भनेर भन्ने ?"

राजकुमारले भन्यो– "उ एकजना ठग माग्ने रहेछ भन्ने नि ।"

अनि मन्त्रीले भन्यो– "राजकुमार ! राजालाई सत्य कुरा भन्नु मनासिब हुँदैन । किनकि हाम्रो राजाले कति ठूलो श्रद्धा राखेर आफ्नो खाना नै दान दिनुभयो । पवित्र व्यक्ति भन्ठानेर राजाले असल चेतनाबाट दान दिएकोले उहाँले पुण्य प्राप्त गरिसक्यो । अब गएर हामीले त्यो व्यक्ति पवित्र होइन, फलाना पाटीमा बस्ने भिक्षुको भेष लिएर आएको भने पछि कत्रो श्रद्धाले दान दिएर पुण्य कमाएको र मनमा आनन्द लिइराखेको राजालाई धक्का पर्नेछ, चोट पर्नेछ, र श्रद्धा बिग्रने छ । त्यसैले हामीले आफू झूठमा पनि नपर्ने गरी राजाको मन पनि नबिग्रने गरी कुरो सुनाउनु पर्ला ।" राजकुमार पनि हुन्छ भनेर चूप लागेर बस्यो ।

मन्त्रीले भन्यो– "राजकुमार ! त्यसो भए राजालाई हामीले सल्लाह गरे अनुसार भन्छु, तपाई नबोलिदिनुस् ।" यति भनेर सरासर राजाकहाँ गए ।
अनि राजाले सोधे– "उहाँ महात्मा कहाँ बस्नु हुँदो रहेछ त ?"

मन्त्रीले भने– "महाराज ! हामी उक्त महात्माको पछि पछि लागि रहेको बेला परको एउटा पाटीमा पुग्यौं । त्यस पाटीको नजिकै पुगे पछि उक्त पहेंलो वस्त्र नै गायब भयो । यता पर्‍यो, उता पर्‍यो हामीले केही भन्न सकेन ।"

यति सुनेर राजालाई धेरै खुशी लाग्यो र भन्यो– "धन्य ! मेरो भोजन त्यस्ता पवित्र व्यक्तिको हातमा पर्‍यो । तिमीहरू पछि लागेको थाहा पाएर नै उहाँ त्यहिं लोप हुनु भयो होला । मेरो भोजन असल ठाउँमा परेछ ।" राजा धेरै खुशी र आनन्द भैरहेको बेला अकस्मात् उनी बिरामी भई परलोक भयो । अन्तिम अवस्थामा पवित्र व्यक्तिलाई दान दिन पाएँ भनी हर्षले गद्गद भई त्यहीं चेतनाले मरेकोले उनलाई सुगति प्राप्त भयो ।

बाबु परलोक भएपछि छोरो चाहिं राजा भयो । केहि वर्ष पछि फेरी साँच्चैको पवित्र प्रत्येक बुद्ध पहिलेको जस्तै राजदरबारमा भिक्षाटन आउनु भयो ।

छोरो चाहिं राजाले देख्नासाथ त्यो माग्ने फेरि भिक्षुको भेषमा आएर ठग्न आएछ भन्ठाने, एउटा रूख अमिलो हुँदैमा जंगलै अमिलो हुन्छ भन्ठाने, एकजना पहेंलो वस्त्र धारण गर्ने ठग देख्दैमा सबै पहेंलो वस्त्रधारीहरू ठग नै हुन्छन् भन्ठाने । त्यसैले उसले "उ त्यो भिक्षा माग्न आइ राखेको ठगलाई मर्ने गरि कुटेर पठाइदेउ" भनेर हुकुम भयो । राजाको आज्ञा सुन्नासाथ कर्मचारीहरूले गएर उहाँलाई खूब कुटे ।

राजाले दरबारमा बसी हेरी राख्यो । प्रत्येक बुद्धले दुई चार पटक हानेको सही नै राख्यो । पछि उहाँलाई धेरै तकलिफ भयो । ज्यानै जाला जस्तो भयो । अनि प्रत्येक बुद्धले " यहाँ यसरी बसेर भएन" भन्ने बिचार गरेर आफ्नो समाधिको शक्तिबाट ऋद्धि उत्पन्न गरेर आकाशबाट उडेर हिमालय तर्फ जानु भयो । राजाले हेरी नै राख्यो । उहाँ ऋद्धिबलले उडेर जानु भएको देखेर आफूले विवेक बुद्धि नलगाई एउटा रूख अमिलो हुँदैमा जङ्गलै अमिलो हुन्छ भन्ठानेर एक जना नक्कली चीवरधारी भिक्षु देख्दैमा सबै नक्कली नै हुन्छन् भन्ठानेर कुट्न लगाएको त त्यत्रो ठूलो महापुरूष प्रति अपराध पो गर्न पुगें भनी राजाको मनमा ठूलो अशान्ति र दाह भयो । पश्चातापको आगोले पोलेर राजा उहि दिन मर्‍यो र नर्कमा गएर धेरै दुःख भोग गर्न जानु पर्‍यो ।

त्यसैले एकजना खराब हुँदैमा सबैलाई खराब सम्झनु हुँदैन । फेरि एक जना असल हुँदैमा सबैलाई असल सम्झनु हुँदैन । त्यसैले विबेक बुद्धि पुर्‍याई काम गर्नु पर्छ भन्ने अर्थमा एउटा रूख अमिलो हुँदैमा जङ्गलै अमिलो ठान्न हुँन्दैन भन्ने उखान बन्न गएको हो ।

*( साभार- उखानको कथा संग्रह )*

❖



Downloaded from http://www.dhamma.digital

# श्रद्धा र शंका

✍ **नरेन्द्रनाथ भट्टराई**

श्रद्धा हो भित्री मनबाट राम्रो कार्यको लागि निक्लने आस्था । शंका हो मन र बुद्धिबाट निक्लिने विकार । श्रद्धाले स्वर्गमा पुऱ्याउँछ, शंकाले सदा नर्कमा खसाल्छ । यहाँ नर्कको अर्थ हो, दुःख, पीर, चिन्ता र अशान्तिमा रहनु ।

एकजना मुमुक्षु मानिस सद्गुरूको खोजमा जाँदा जाँदैएउटा आश्रममा पुगे । सयौं शिष्यको माझमा वसेका एकजना महात्मालाई देखेर ती मुमुक्षुको भित्रैदेखि महात्माउपर श्रद्धा उत्पन्न भयो । तिनले ती माहात्माको चरणकमलमा ढोग दिएर शिष्यत्व ग्रहण गरिदिन विन्ती चढाए । महात्माले पनि शिष्यत्व ग्रहण गरिदिएर शिष्य मण्डलीमा समावेश गराइदिनु भयो । ती शिष्यले श्रद्धापूर्वक तन, मन र धन दिएर गुरूको सेवा गर्ने, आज्ञापालन गर्ने गरेको देखेर गुरू पनि तिनीसंग धेरै नै खुशी भएर अरू शिष्यलाई भन्दा बढी स्नेह गर्न थाले । त्यो देखेर अरू शिष्यमा ईर्ष्या बढ्न थाल्यो । यसलाई खत्तम नपारे हाम्रो महिमा बढ्दैन भन्ठानी अनेक षडयन्त्र गर्न थाले । एकदिन गुरू अन्यत्र गएको बेलामा ती गुरूभक्त शिष्यलाई तिमी खूब गुरूभक्त छ भन्छौ, गुरू व्रह्मा, गुरूविष्णु, गुरूदेव महेश्वर भन्छौ । लौ त उसो भए डाँडोको टुप्पोबाट फाल हाल, तिम्रा गुरू साँच्चै भगवान् भए तिमीलाई बचाइहाल्नु हुन्छ भनी अरू शिष्यले भने । ती शिष्यले, “जय गुरूदेव” भनेर डाँडोको टुप्पोबाट फाल हाले । तल पुगे, जुरूक्क उठेर माथि आए, उनलाई केही पनि भएन । यो देख्ना सब आश्चर्य चकित भए । गुरूको आगमन भएपछि सबै कुरा गुरूलाई भने । गुरूले कुरा पत्याएनन् । अर्कोपटक त्यहीं नजिकै गाउँको कुनै एउटा घरमा आगलागी हुँदा त्यो घरभित्र एउटा बच्चा परेछ । चारैतिर आगो दन्किएकोले कोही भित्र पसी त्यो बच्चा ल्याउन सकेनन् । शिष्यहरू पनि सबै त्यस ठाउँमा पुगे । यसै बेला अरू शिष्यहरूले ती गुरूभक्त शिष्यलाई यसो भने,“त्यो दन्किरहेको घरमा पसेर भित्र परेको बच्चा ल्याउन सक्यौ भने तिम्रो गुरूभक्ति मानिन्छ । “उनी उतिखेरै जय गुरूदेव ! भनेर दन्किरहेको घर भित्र पसेर बच्चा च्यापेर बाहिर सकुशल निक्लिए । शिष्यगणमात्र होइन गाउँले पनि आश्चर्यमा परे । गुरूलाई सबै गाउँलेले पनि गएर कुरा सुनाए । गुरू दंग परे, हो कि होइन आफै जाँच गर्नुपऱ्यो भनेर गुरूले एकदिन घुम्न गएका बखत नदीको किनारामा पुगेर ‘हेर शिष्य तिमी मेरा अति प्यारा’ छौ, ममाथि तिम्रो ठूलो श्रद्धा छ भने तिमी यो नदीमाथि टेकेर पारि गएर आउ’ भने । तर शिष्यले जय गुरूदेव । भन्दै नदीमा गए । नदीको पानीमाथि जमीनमा हिँडे झै हिंडेर पारि पुगेर फर्किए । गुरूले पनि प्रत्यक्ष देखे । म त साँच्चिके सिद्ध पुरूष पो रहेछु भन्ने ठानी गुरू दंग पर्दै अव आफै पनि पानीमा हिंड्नु पऱ्यो भनी यसो खुट्टा मात्र के हालेथे चुर्लुम्म डुबिहाले । घुट–घुट पानी खाए । शिष्यहरूले बल्ल तल्ल निकाले । होश फर्के पछि ती गुरू आफ्नो पनि गुरू कहाँ गएरः‘ममाथि श्रद्धामात्र गर्ने यो चेलाले मेरा नामको बलमा मात्र पनि नदीमाथि हिँड्न सक्ने तर मैले नसक्ने । म आफैलाई नदीले डुबाउने (यो क्या हो ? मेले बुझ्न सकिन” भनी प्रश्न गर्दा गुरूले भने, “हे बाबु ! तिम्रो शिष्यको तिमी उपर पूरा चोखो श्रद्धा छ तर तिम्रो आफै उपर पनि शंका रहेछ, त्यसैले यस्तो भएको हो अरू केही कारण होइन ।”

चोखो श्रद्धामा असीम शक्ति हुने कुरा तथा शंकाले नाश गर्ने कुरा हामीले यस घटनाबाट बुझ्न सक्छौं ।

❖

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ देवदत्तले तलका ५ कुराहरू बुद्धसँग मागेका थिए, जुन बुद्धले अस्वीकृत गर्नु भएकोले देवदत्तले आफ्नै अलग्ग भिक्षु संघ खडा गरेको थियो । ती ५ मागहरू हुन्–

(१) भिक्षुहरू जंगलमै बस्नुपर्छ ।

(२) मसानमा फालिराखेको कपडा (=पांशुकूल) मात्रै चीवर लाउनुपर्छ ।

(३) भिक्षा लिएरै मात्रै खानुपर्छ । (४) रूखमुनि नै सुत्नुपर्छ । (५) माछा मासु बिल्कुलै नखानुपर्छ ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# गज्याःम्ह पासायात पत्याः यायेगु ? –२

✍ सुनिता मानन्धर

अनं लिपा पंछाः दुने सुपिया जुलं । इमां वयात लाये मफुत । उकिं इमां वयात छ्रंगः लानाः ज्वनेगु बिचाः यात । इमा पंछाःया नापसं च्वंगु सिमाय् च्वंवन । इमां खायात पासा थें तायेकाः थथे धाल, 'पासा कुक्कटराज छ जि खनाः छाय् ग्यानागु ? जि छिलिसे त्वाय् चिने मास्ति वः । फलानागु थासय् नसा मालेगु यक्व दु । अन निम्हं मिले जुया वने । थवंथवय् प्रेमपूर्वक च्व वने वा । थ्व खँ न्यनाः खां धाल,– 'यःम्ह जितः छ प्रति विश्वास मदु । छ जक हुँ । खां थुकथं लिसः बिल । तर इमा हानं वयात विश्वास याकेगु बिचाः यात । उकिं इमां धाल, ' जि न्हापा यानागु पाप कर्म यानाः छं विश्वास मयाःगु खः । आवंलि अथे याये मखु ।' तर खां वया खँय् विश्वास मयाः । खां अःपुक हे वयात त्याग यात ।

खँ ल्हायेगु स्वभाव थःथः कथंया दइ । गुलिं छाक्क खँ ल्हाइ । गुलिं नाइक स्याचुक्क खँ ल्हाइ । छाक्क कडा बचन ल्हायेगु बांलाःगु व्यवहार मखु। उकिं सकसिनं नाइक खँ ल्हाइपिं ययेकी ।

थन नाइक खँ ल्हानाः छैं-बुँ थःगु नामय् याना काइ । किजां दाजुयात छैंनं पितिनी । कलातं भाःतयात स्याइ । अभ्र थः हे जन्मदाता मांबौपिंत तकं छ्रंगः लाइ । थन नाइक खँ ल्हानाः च्वय्या दर्जाय् थ्यनी । खँ व भाषणं मक्ख याना तइ । तर थः त हित जुइगु ज्याखँ जक याइ । थःगु निजी स्वार्थ जक पूवंकी र उकिं मिखा तिसिनाः सुयातं विश्वास याये मजिउ । थुगु जातकय् गज्याःपिंत विश्वास याये जिउ धइगु खँ नं कनातःगु दु । गुगु थुकथं दु –

पापीम्हेसित गबलें विश्वास याये मते । मखुगु खँ ल्हाइम्हेसित नं गबले विश्वास याये मते । अले थः के गुण मदुसां दुः थें च्वनीम्हेसित नं विश्वास यायेमते ।

गुलिं गुलिं मनूत प्याःचाम्ह सा थें जुइ । इमिसं खँ ल्हानाः पासापिंत लय् तायेकी तर ज्यां मखु । थज्याः पिंत नं विश्वास यायेमते ।

खालीगु ल्हाः दुपिं खँ जक सःपिं थज्याःपिं निस्सारपिंत विश्वास याये मते । लाज शरम मदुपिंत नं विश्वास याये मते । अकृतज्ञपिं मनूतय्त नं विश्वास याये मते ।

मिसापिं जुइमा वा मिजंपिं, तुरून्त मन हिलीपिं जूसा इमित गबले नं विश्वास याये मते ।

अनर्थ ज्याखँ याना जुइपिं, अस्थिरपिं, न्ह्याम्हेसितं घात यायेत तयार जुइपिं दापय् दुने सुलाच्वंगु तरवार थें खः । उकिं थज्याःपिंत नं विश्वास यायेमते ।

नायूगु बचन ल्हानाः छाः गु नुगः तयाः अनेतने कथं पासा दयेका जुइ । थज्याःपिंत नं विश्वास यायेमते ।

धनसम्पत्ति ठगे यानाः स्याना जुइपिंत नं गबलें विश्वास याये मते ।

सुयातं अःपुक छत्थुं विश्वास याये मजिउ । थुकिं थःगु अस्तित्व नापं संकटय् लाये यः । थः जक मखु थःगु वंश नापं न्हना वनेयः । उकिं इलय् हे थः शत्रुयात म्हसीकेमाः । थन खातय्सं इमायात म्हसीके मफुत । वयात अःपुक विश्वास यात । तर व हे इमां खातय्त छम्ह छम्ह यायां स्याना नल । तर बोधिसत्व खां इमायात म्हसीकल । वं इमापाखें गुकथं बचे जुइगु उपाय नं यात । थुकिं यानाः याकःचा जुल । तर नं थःगु न्ह्यःने दंवःसां शत्रुयात इलय् म्हसीकेमाः । वपाखें तापाक च्वनेमाः धइगु खँयात थुकथं न्ह्थनातःगु दु ।

आपालं शत्रुत मित्रया रूपय् लगे जुयाच्वनी । थज्याः पिंत खां इमायात त्याग याः थें त्याग यायेमाः ।

गुम्हसिनं तुरून्त खँ थुइका काये फइ मखु । व लिपा शत्रुया ल्हातय् लाःवनी । अले नुगः मछिंका च्वनेमाली

गुम्हसिनं तुरून्त खँ थुइका काइ । व शत्रुया ल्हातं मुक्त जुइ फइ । व इमाया ल्हातं बचे जूम्ह खा थें जुइ ।


बुद्धिमान मनुखं अधार्मिक विध्वंशकारी मनूयात त्याग यायेमाः । ❖




Downloaded from http://www.dhamma.digital

# Big Red, Little Red and No-squeal

(Envy)






Once upon a time, there were two calves who were part of a country household. At the same home there also lived a girl and a baby pig. Since he hardly ever made a sound, the pig was called 'No-squeal'.

The masters of the house treated No-squeal very very well. They fed him large amounts of the very best rice, and even rice porridge with rich brown sugar.

The two calves noticed this. They worked hard pulling plows in the fields and bullock carts on the roads. Little Red said to Big Red, "My big brother, in this household you and I do all the hard work. We bring prosperity to the family. But they feed us only grass and hay. The baby pig No-squeal does nothing to support the family. And yet they feed him the finest and fanciest or foods. Why should he get such special treatment?"

The wise elder brother said, "Oh young one, it is dangerous to envy anybody. Therefore, do not envy the baby pig for being fed such rich food. What he eats is really 'the food of death'.

"There will soon be a marriage ceremony for the daughter of the house, and little No-squeal will be the wedding feast! That's why he is being pampered and fed in such rich fashion.

"In a few days the guests will arrive. Then this piglet will be dragged away by the legs, killed, and made into curry for the feast."

Sure enough, in a few days the wedding guests arrived. The baby pig No-squeal was dragged away and killed. And just as Big Red had said, he was cooked in various types of curries and devoured by the guests.

Then Big Red said, "My dear young brother, did you see what happened to baby No-squeal?" "Yes brother," replied Little Red, "now I understand."

Big Red continued, "This is the result of being fed such rich food. Our poor grass and hay a hundred times better than his rich porridge and sweet brown sugar. For our foods brings no harm to us, but instead promises long life!"

The moral is: Don't envy the well-off, until you know the price they pay.

*(Source- Prince Goodspeaker)*

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

*( ११० औं कक्षा )*

### बिषयः रथकार वग्ग, अंगुत्तर निकाय (तिक निपात)

*२०७५ कार्तिक १७ गते*

*प्रवचक- मदन रत्न मानन्धर*

*प्रस्तुति- सूर्य काजी शाक्य*

सुत्त ९ प्रथम पापणिक सुत्त (प्रथम दोकानदारसुत्त)-

यस दिनको अंगुत्तर निकायको कक्षामा मदन रत्न मानन्धर ज्यूले भगवान बुद्धले उपदेश दिनु भएको दोकानदार सूत्रको व्याख्या गर्नु भयो ।

यस सुत्तमा भगवान बुद्धले दोकानदारमा हुनु पर्ने तिनवटा धर्म वा गुणहरूको वर्णन गर्नु भएको छ, जुन गुण वा धर्म हुने दोकानदारको अप्राप्त धन प्राप्त हुनुको साथै प्राप्त धनको वृद्धि हुन्छ, ति गुणहरूः–

१. पूर्वान्ह समयमा सम्यक रूपवाट आफ्नो कारोवार गर्दछ ।
२. मध्यान्ह समयमा सम्यक रूपवाट आफ्नो कारोवार गर्दछ ।
३. सन्ध्या समयमा पनि सम्यक रूपमा आफ्नो कारोवार गर्दछ ।

यसको ठीक विपरित पूर्वान्ह, मध्यान्ह र सन्ध्याको समयमा सम्यक रूपमा आफ्नो कारोवार गर्दैन भने अप्राप्त प्राप्त गर्न सक्दैन, साथै प्राप्त धनको वृद्धि पनि हुँदैन । ठीक यसरी ने भगवान बुद्धले भिक्षुहरूलाई पनि तिनवटा धर्म वा गुणहरू वताउनु भएको छ, जसलाई भिक्षुहरूले सम्यक रूपमा पालना गर्नु पर्दछ । ति हुन्–

१. पूर्वान्ह समयमा सम्यक रूपमा समाधिको अभ्यास गर्नु पर्दछ ।
२. मध्यान्ह समयमा सम्यक रूपमा समाधिको अभ्यास गर्नु पर्दछ ।
३. सन्ध्या समयमा सम्यक रूपमा समाधिको अभ्यास गर्नु पर्दछ ।

यसरी सम्यक रूपमा समाधिको अभ्यास गर्नाले प्राप्त नभएको कुसल धर्म प्राप्त हुन्छ र प्राप्त भई सकेको कुसल धर्म अभिवृद्धि हुन्छ ।

जुन भिक्षुले पूर्वान्ह, मध्यान्ह र सन्ध्या समयमा सम्यक रूपमा समाधिको अभ्यास गर्दैन, उक्त, भिक्षुले प्राप्त नभएको कुसल धर्म प्राप्त गर्न सक्दैन र प्राप्त भइसकेको कुसल धर्मको अभिवृद्धि र उन्नति गर्न सक्दैन । ■

### धम्मपद–सहस्सवग्ग

*२०७५ कार्तिक २४ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य*

*प्रस्तुती- राजभाइ तुलाधर*

**यो सहस्सं सहस्सेन, सङ्गामेमानुसेजिने ।**
**एकञ्च जेय्यमत्तानं, स वे सङ्गामजुत्तमो ॥**

संग्राममा हजारौं हजार मानिसलाई जित्ने भन्दा आफुले आफैलाई जित्ने व्यक्ति ने साँच्चैको विजेता हुन्छ ।

भगवानले यो गाथा भद्राकुण्डलकेसीको सन्दर्भमा नै भन्नुभएको थियो जसको वारेमा अघिल्लो कक्षामा उल्लेख भइसकेको छ ।

**अत्ता हवे जितं सेय्यो, या चायं इतरा पजा ।**
**अत्तदन्तस्स पोसस्स, निच्चं सञ्ञत्तचारिनो ॥**
**नेव देवो न गन्धब्बो, न मारो सह ब्रह्मुना ।**
**जितं अपजितं कयिरा, तथारूपस्स जन्तुनो ॥**

अरूलाई जित्नु भन्दा आफैलाई जित्नु श्रेष्ठ हो । आत्मसंयमी भइ सँधै राम्रो आचरण गर्ने व्यक्तिको जीतलाई देव, गन्धर्व, मार अथवा ब्रह्माले पनि हारमा परिणत गर्न सक्दैन ।

भगवानले उपरोक्त दुइवटा गाथाहरू एकजना ब्राह्मणको भनाइको उत्तरमा भन्नुभएको थियो । त्यो ब्राह्मणले भगवानलाई यस्तो भन्यो, "शास्ता, तपाईंलाई गर्न हुने कुशल कुराहरूको बारेमा मात्रै थाहा छ, गर्न नहुने अकुशल कुराहरूको वारेमा थाहा छैन ।" तव भगवानले मलाई गर्न नहुने अकुशल कुराहरूको वारेमा पनि थाहा छ भनेर ६ वटा खराब आचरणको वारेका भन्नुभयो । जसले गर्दा धनको साथसाथै अरू हानीहरू पनि हुन्छन् । ती ६ वटा हुन्ः (१) सुर्योदय भइसके पछि पनि सुतीरहने, (२) अल्छी बानी (३) निष्ठुरता, (४) नशालु पदार्थको लट्, (५) कुवेलामा यताउती डुलीरहने, (६) व्यभिचार । त्यसपछि बुद्धले के काम गरेर जीवन



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

निर्वाह गर्छौ भनेर सोध्दा ब्राह्मणले जुवा खेलेर गर्छु भन्यो । जित्छौ कि हार्छौ भन्दा कहिले जित्छु कहिले हार्छु भन्यो । तव भगवानले जुवामा जित्नु भन्दा आफ्नो खराब अनैतिक बानीहरूलाई जित्नु श्रेष्ठ हो भन्नुहुँदै माथिको गाथाहरू व्यक्त गर्नु भयो ।

**मासे मासे सहस्सेन, यो यजेथ सतं समं ।**
**एकञ्च भावितत्तानं, मुहुत्तमपि पूजये ।**
**सा येव पूजना सेय्यो, यञ्चे वस्ससतं हुतं ॥**

सय वर्ष सम्म प्रत्यक महिना हजारौं कार्षापन खर्च गरेर यज्ञ होम आदि गर्नुभन्दा एक क्षण मात्रै भए पनि शुद्ध आचरण भएको, ध्यान भावना राम्ररी गर्ने व्यक्ति (भिक्षु) लाई पूजा सत्कार गर्नु श्रेष्ठ हो ।

एकचोटी सारिपुत्र महास्थवीरले आफ्नो मामासंग भेट हुँदा के तपाईंले कुनै कुशल कमृहरू गरीरहनु भएको छ कि छैन भनेर सोध्यो । मामाले भन्यो, "मैले प्रत्येक महिना निग्रन्थ बाबाहरूलाई एक हजार कार्षापन बराबरको वस्तुहरू दान दिइरहेको छु, मेरो अर्को जन्म ब्रह्मलोकमा होस भनेर" तव सारिपुत्रले भन्नु भयो कि उसका गुरूहरूले उसलाई झुट्टा आश्वासन मात्रै दिइराखेको हो किन कि उनीहरू आफैलाई ब्रह्मलोकमा कसरी पुगिन्छ भन्ने कुरा थाहा छैन । यस्तो भनेर वहाँले आफ्नो मामालाई बुद्धकहाँ लग्नु भयो । बुद्धले उसलाई भन्नु भयो, "ब्राह्मण, तिमीले अहिले आफ्ना गुरूहरूलाई दिइरहेको एक हजार कार्षापनको दान भन्दा कुने शीलवान भिक्षुलाई एक मुठी भात दान दिनु धेरै श्रेष्ठ हुनेछ ।" त्यसपछि बुद्धले माथिको गाथा व्यक्त गरेर उसलाई उपदेश दिनु भयो । उपदेशको अन्तमा उसले स्रोतापत्ति फल प्राप्त गरे । ■

## विशुद्धि मार्ग

*२०७५ मंसिर २९ गते, शनिवार*

*प्रवचक- डा. त्रिरत्न मानन्धर*

*प्रस्तुति- उष्णीषतारा तुलाधर*

